# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा अनुसन्धान भनेको कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुराना तथ्यलाई पुनर्व्याख्या गर्नुलाई नै अनुसन्धान भनिन्छ (भट्टराई, २०७३ : १) । अनुसन्धानले कुनै पनि विषयमा गहन अध्ययन गरी त्यसमा रहेको ज्ञानरूपी सत्य वा सारवस्तुलाई ठोस निष्कर्षमा पुग्न मद्दत पुऱ्याउँछ । अनुसन्धानले कुनै पनि विषयमा गहन अध्ययन गरी त्यसमा रहेको ज्ञानरूपी सत्य वा सारवस्तुलाई ठोस निष्कर्षमा पुग्न मद्दत पुऱ्याउँछ । विविध विधि र तरिका अपनाई विभिन्न प्रकृतिको अध्ययन अनुसन्धान गरिँदै आएको पाइन्छ ।

भाषालाई मानवीय सञ्चारको प्रणाली र विचार विनिमयको प्रमुख माध्यमको रूपमा लिइन्छ । भाषा बाहेकका अन्य विधि र प्रक्रियाबाट पनि विचार विनिमय हुनसक्ने भए पनि भाषाविज्ञानले मानव उच्चारण अवयवबाट उच्चारित सार्थक ध्वनिलाई मात्र भाषा मान्दछ । भाषा विचार विनिमय तथा सामाजिक सम्पर्क, ज्ञान, विज्ञानका विविध पक्षका बारेमा जानकारी लिनका लागि मानव जातिले प्रयोग गर्ने प्रमुख साधन हो । भाषा सिक्नु भनेको भाषिक सीपमा दक्ष हुनु हो र भाषा सिकाउनु भनेको व्यक्तिलाई सम्बन्धित भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपमा दक्ष बनाउनु हो । विद्यार्थीहरूलाई नेपाली भाषा सिकाइसकेपछि उसमा भाषिक क्षमताको विकास हुनुपर्दछ । भाषिक क्षमताको पहिचान गर्नेका लागि शोध अनुसन्धान गरिनु आवश्यक हुन्छ । विद्यार्थीमा निहित श्रुतिबोध क्षमता, उच्चारण क्षमता, पठनबोध क्षमता, शब्दभण्डार क्षमता, वाक्यगठन क्षमता आदि जस्ता क्षमताको पहिचान गरी शिक्षण गर्न आवश्यक छ । यस्ता क्षमताको पहिचान गरी समस्या समाधान गर्ने भाषिक क्षमता सम्बन्धी अनुसन्धानको औचित्य बढ्दै आएको छ । विविध भाषिक परिवेश सामाजिक तथा साँस्कृतिक पृष्ठभूमिबाट आएका कुनै तह वा कक्षाका विद्यार्थीहरूको भाषिक क्षमता पहिचान गरी सोही अनुरूप समाधान गर्न यस प्रकारको अध्ययनले सहयोग पुऱ्याउँछ । क्षमता अध्ययनको अभ्यासलाई भाषिक पृष्ठभूमि उच्चारण,

पठनबोध, शब्दभण्डार, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, वर्ण विन्यास, पदवर्ग पहिचान, वाक्यगठन आदि यस अन्तर्गत राखेको पाइन्छ ।

भाषा भित्र विभिन्न भाषिक एकाइहरूमध्ये उपवाक्य भन्दा माथिल्लो र सङ्कथन भन्दा तल्लो भाषाको व्याकरणिक एकाइलाई वाक्य भनिन्छ (भुसाल, २०७१ : २०) । वाक्य एक किसिमको पूर्ण संरचना र स्वतन्त्र अर्थ हुने भाषिक एकाइ हो । यसमा व्याकरणको समग्रता भेटिन्छ । वाक्य बन्नका लागि एउटा उद्देश्य र एउटा विधेय अनिवार्य हुनु पर्ने हुन्छ । वाक्यगठन वाक्यको आधारभूत तह हो । वाक्यका आधारभूत तह लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, कारक, वाच्य आदिलाई उपयुक्त प्रयोग योग्य बनाउनु तथा वाक्यमा आउने पदहरूको उपयुक्त सङ्गति मिलाएर वाक्यको निमार्ण गर्नु वाक्यगठन हो ।

प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमतासँग सम्बन्धित रहेको छ । वाक्यगठनका क्रममा मातृभाषाको प्रभाव, द्विभाषिक प्रभावमा रही के कस्ता त्रुटिहरू गर्दछन् । यस अध्ययनबाट विद्यार्थीहरूले नेपाली भाषामा वाक्यगठनको प्रयोग गर्दा कस्ता समस्या आई पर्दछन् भन्ने कुराको अध्ययन अनुसन्धान गर्न खोजिएको छ । तसर्थ नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको पहिचान गरी विद्यार्थीहरूलाई सिकाइमा थप मद्दत गर्न शिक्षण सामग्री तथा विधिहरूको छनोट निर्माण र प्रयोगमा सहयोग पुऱ्याउने उद्देश्यले वाक्यगठन क्षमताको अध्ययन शीर्षकमा शोध गर्नु आवश्यक ठानिएको छ । प्रस्तुत अध्ययनलाई त्यसैमा केन्द्रित गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मूल समस्या नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन रहेको छ । प्रस्तुत शोधकार्य निम्न समस्यामा केन्द्रित रहेको छ :

क) नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता के कस्तो छ ?

ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

ग)	विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन् :

क)	नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यगठनसम्बन्धी क्षमता पहिचान गर्नु,

ख)	लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

ग)	नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ शोधको सान्दर्भिकता र उपयोगिता

हरेक कार्य गर्नुको पछाडि त्यो कार्य गर्नुको औचित्य जोडिएको हुन्छ । शोध पत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्य स्पष्ट पार्नुलाई शोधको औचित्य भनिन्छ । वाक्यलाई भाषाको अर्थपूर्ण एकाइका रूपमा लिइन्छ । वाक्यलाई अर्थपूर्ण र स्पष्ट पार्नका लागि उद्देश्य र विधेय खण्डको जरूरत पर्दछ । वाक्यसम्बन्धी कुराहरूको अध्ययन गर्नका लागि विभिन्न व्याकरणात्मक पक्षको आवश्यकता पनि पर्दछ । शोध आफैँमा प्राज्ञिक र बौद्धिक कार्य हो । यसप्रकारको अध्ययन अनुसन्धानले ज्ञानका भण्डारमा नयाँ ज्ञान थप्ने कार्य गर्दछ ।

प्रस्तुत अध्ययन विद्यार्थीहरूको भाषिक क्षमता वा वाक्यगठन क्षमता पहिचान गरी त्यस क्षेत्रका विद्यार्थीहरूलाई नेपाली भाषाप्रति उपयुक्त धारणा जगाउन पनि यस अनुसन्धानले सहयोग गर्दछ । भाषाको गहिराइ बुझ्न र साहित्यिक अभिव्यक्तिको विकास गर्न वाक्यगठन क्षमतामा ज्ञान हुनु आवश्यक छ । त्यसैले वाक्यगठन क्षमताको अध्ययनमा केन्द्रित यस अध्ययन अन्तर्गत कक्षा आठका लागि निर्धारित नेपाली भाषाको पाठ्यपुस्तकमा समावेश गरिएका वाक्यगठन नवलपरासी जिल्लाका कक्षा आठका विद्यार्थीहरूको वाक्यगठन

क्षमता पहिल्याइएको छ । प्रस्तुत अध्ययनको औचित्यलाई निम्नअनुसार बुदाँगत रूपमा देखाइएको छ :

१. कक्षा आठको नेपाली पाठ्यपुस्तकका प्रयुक्त वाक्यहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्यसम्बन्धी व्याकरणिक कोटिका आधारमा वाक्यगठन गर्ने हुनाले प्रस्तुत अध्ययन सान्दर्भिक देखिन्छ ।

२. नेपाली भाषालाई स्तरीयता प्रदान गर्न अभिव्यक्ति क्षमता वृद्धि गर्न उपयुक्त वाक्यगठन प्रक्रियामा जोड दिन्छ ।

३. विद्यार्थीहरूले नेपाली भाषा लेखनमा वाक्यगठन क्षमताको अध्ययनबाट उनीहरूको वाक्यगठन क्षमताको पहिचान हुन्छ । त्यसका आधारमा उनीहरूलाई सुधारात्मक दिशातर्फ लैजानका लागि यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

४. यस अध्ययनले कक्षा आठमा अध्ययन गरेका विद्यार्थीहरूलाई मात्र नभई शिक्षक, प्रशिक्षक, पाठ्यपुस्तक निर्माणकर्ता, विषय विशेषज्ञ, अध्ययन अनुसन्धान गर्ने व्यक्ति आदिलाई लाभान्वित हुने भएकाले यस अध्ययनको औचित्य देखिन्छ ।

## १.५ शोधकार्यको परिसीमा

कुनै पनि शोधकार्यलाई उद्देश्यमूलक, परिणाममुखी, तथ्यपरक र वास्तविक बनाउनका लागि सीमा तोकिनु आवश्यक देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनको शीर्षक नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता रहेको छ । प्रस्तुत शोधकार्य निम्न सीमाभित्र सीमित रहेको छ :

क) प्रस्तुत शोधकार्य नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययनमा नवलपरासी जिल्लाका चारओटा संस्थागत र चारओटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

ग)  प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत ८० जना विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

घ)  प्रस्तुत अध्ययनलाई लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्यका आधारमा सीमित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

**अध्याय एक : शोधपरिचय**

१.१ पृष्ठभूमि

१.२ समस्याकथन

१.३ शोधकार्यको उद्देश्य

१.४ शोधको सान्दर्भिकता र उपयोगिता

१.५ शोधकार्यको परिसीमा

१.६ शोधकार्यको रूपरेखा

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

२.१ पूर्वकार्यको समीक्षा

२.१.१ पुस्तक समीक्षा

२.१.२ शोध समीक्षा

२.२ सैद्धान्तिक अवधारणा

**अध्याय तीन : शोधविधि र प्रक्रिया**

३.१ शोधविधि

३.१.१ पुस्तकालयीय अध्ययन

३.१.२ क्षेत्रीय अध्ययन विधि

३.२ शोध प्रक्रिया

३.२.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

३.३ सामग्री सङ्कलनका स्रोतहरू

३.३.१ प्राथमिक स्रोत

३.३.२ द्वितीयक स्रोत

३.४ सामग्री निर्माण

३.५ तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण

अध्याय चार : नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठनसम्बन्धी क्षमताको पहिचान

अध्याय पाँच : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

अध्याय छ : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सर्न्दभसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । कुनै पनि अनुसन्धाताले आफूले अनुसन्धान कार्य प्रारम्भ गर्नुअघि विभिन्न क्षेत्रका सामग्रीहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वाध्ययन समीक्षाले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न र सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ (भट्टराई, २०७३ : १६९) । कुनै पनि कार्य गर्नुभन्दा पहिले त्यस विषयका सम्बन्धमा के कति कार्यहरू भएका छन् भन्ने कुराको पूर्व जानकारी लिनु वाञ्छनीय छ ।

प्रस्तुत शोध कार्यमा अध्ययनसँग सम्बन्धित पुस्तक समीक्षा र शोध समीक्षा गरी दुई भागमा विभाजन गरी तिनको क्रमशः समीक्षा प्रस्तुत गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

विभिन्न विद्वानहरूद्वारा लेखिएका पुस्तकहरू पूर्वकार्यको समीक्षाका रूपमा अध्ययन गरी निकालिएको निष्कर्षलाई कालक्रमका आधारमा तल प्रस्तुत गरिएको छ :

यादव र रेग्मी (२०५९) द्वारा *भाषाविज्ञान* नामक पुस्तकमा वाक्यविज्ञान शीर्षकमा वाक्यको परिचय, व्याकरणिक कोटि, व्याकरणिक कार्य, साथै पदको गौण वर्गीकरणअन्तर्गत वचन, लिङ्ग, पुरुष, आदर, कारक, काल, पक्ष, भाव आदिको बारेमा प्रत्येक शीर्षकको परिचय प्रकार र प्रक्रियालाई उदाहरणसहित पुष्टि गरिएकोले प्रस्तुत पुस्तकको अध्ययन औचित्यपूर्ण देखिन्छ ।

गौतम र चौलागाई (२०७०) द्वारा *भाषाविज्ञान* नामक पुस्तकमा वाक्यविज्ञान शीर्षकमा वाक्यको स्वरूप र क्षेत्र पदक्रमका आधारमा वाक्यको संरचना प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा वाक्यका प्रकार, वाक्यका तत्त्वहरू, वाक्य संयोजन, वाक्य मिश्रणका

साथै आन्तरिक संरचनाबाट बाह्य संरचनामा रूपान्तरण गर्ने र आधार संरचनाबाट अन्य संरचनामा रूपान्तरण गर्ने प्रक्रियालाई उल्लेख गरिएकाले यस पुस्तकबाट प्रशस्त मात्रामा अध्ययनका लागि आधार प्रदान गरेको छ ।

न्यौपाने र अन्य (२०७०) द्वारा *भाषाविज्ञानका प्रमुख सिद्धान्त* नामक पुस्तकमा संरचनावादअन्तर्गत वाक्य र यसका प्रकार शीर्षकमा अपूर्ण र पूर्ण वाक्य संरचना भन्दै संरचना भन्दै संरचनावादीहरूद्वारा पूर्ण वाक्यको मात्र अध्ययन गर्ने कुरा प्रस्ट्याइएको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा व्याकरणिक क्षमता र वाक्यगठन क्षमताको सैद्धान्तिक चर्चा गरिएको छ । उक्त पुस्तकमा वाक्यरचना शिक्षण कसरी गर्ने, उद्देश्यहरू कस्तो बनाउने, कस्ता कार्यकलाप गराउने, व्याकरणिक क्षमताले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई कस्तो किसिमको सहयोग गर्दछ । शरीरमा नसाको महत्त्व भए झैं भाषाका लागि व्याकरणिक महत्त्व हुन्छ । व्याकरणले वाक्यगठन क्षमतालाई पूर्ण रूपले सहयोग पुऱ्याएको उल्लेख गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार पार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अधिकारी (२०७१) द्वारा *समसामयिक नेपाली व्याकरण* शीर्षकको व्याकरणको पाठ्यसामग्री तयार गरिएको छ । उक्त ग्रन्थमा वाक्यका प्रकार शीर्षकमा वाक्यलाई अर्थ र संरचनाका आधारमा वर्गीकरण गरिएको पाइन्छ । यी दुवै आधारमा प्रयुक्त वाक्यको निर्माण, अध्ययन, विश्लेषण र प्रयोग गर्न सकिने कुरा यसको व्याकरणिक पक्षबाट पुष्टि हुन्छ । उक्त पुस्तकमा वर्ण व्यवस्था, वाक्य रचना, वचन, लिङ्ग, पुरुष, आदर, काल, पक्ष, भाव, कारक, विभक्ति जस्ता शीर्षकहरू राखी प्रत्येक शीर्षकको परिचय प्रकार र प्रक्रियालाई उदाहरण सहित पुष्टि गरिएको पाइन्छ । प्रस्तुत अध्ययनपश्चात् अध्ययनका लागि सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ ।

उपर्युक्त पूर्वकार्यको समीक्षामा *भाषाविज्ञान, नेपाली भाषा शिक्षण, भाषाविज्ञान, भाषा विज्ञानका प्रमुख सिद्धान्त, समसामयिक नेपाली व्याकरण* जस्ता कृतिहरूको अध्ययन तथा समीक्षा गरिएको छ । यसरी वाक्यगठन क्षमतासँग सम्बन्धित अन्य धेरै पुस्तकहरू पनि प्रकाशनमा आएका छन् । यस्ता पुस्तकहरूको अध्ययनबाट वाक्यगठनसम्बन्धी सम्पूर्ण

समस्याहरूको समाधान हुनुका साथै शिक्षक र विद्यार्थीलाई उपयुक्त वाक्यहरूको प्रयोग गरी स्तरीय भाषाको प्रयोग गर्न सक्षम तुल्याउन सहयोग गर्नेछ ।

### २.१.२ शोध समीक्षा

गड्तौला (२०७१) द्वारा 'नुवाकोट जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूले गर्ने भाषिक त्रुटिहरूको अध्ययन' शीर्षकको शोधकार्य तयार गरिएको छ । नुवाकोट जिल्लाका कक्षा चारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूले त्रुटिहरूको अध्ययन गर्नु, लैङ्गिक आधारमा र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूले गर्ने कोटिगत त्रुटिहरूको अध्ययन गर्नु, उक्त त्रुटिहरू गर्नाका कारणहरू पत्ता लगाई त्रुटि निराकरणका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्य रहेको छ । विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनका क्रममा गरेका लिङ्गगत त्रुटिहरूमा स्त्रीलिङ्गी नामको साथमा पुलिङ्गी विशेषणको प्रयोग तथा स्त्रीलिङ्गी कर्ताको साथमा पुलिङ्गी क्रियापदको प्रयोग भएका देखिन्छन् । वाक्यगठनसम्बन्धी सबैभन्दा बढी त्रुटि क्रमश : पक्ष, काल पुरुषमा गरेको देखिन्छ भने सबैभन्दा कम त्रुटि लिङ्गमा देखिएको छ ।

तामाङ (२०७२) द्वारा 'कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकको शोधकार्य तयार गरिएको छ । कक्षा आठमा अध्ययनरत तामाङ विद्यार्थीले स्तरीय नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु, ती त्रुटिहरू हुनाका कारण पत्ता लगाई निराकरणका लागि उपायहरू पहिल्याउनु उद्देश्य रहेको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । तामाङ मातृभाषी विद्यार्थीहरूले अनुनासिक वर्णहरूको उच्चारणमा अनुनासिक उच्चारण नगरी सोझै उच्चारण गरेको देखियो । तामाङ मातृभाषी विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि लिङ्गसम्बन्धी उच्चारणमा गरेका र यसको कारण मातृभाषाको प्रभावको रूपमा लिन सकिन्छ । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक आधार प्राप्त हुन्छ ।

अधिकारी (२०७३) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । धादिङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु, उक्त त्रुटिका

कारणहरू पत्ता लगाई सुधारका लागि सुझाव दिनु उद्देश्यले शोधपत्र तयार गरिएको देखिन्छ । धादिङ जिल्लाका सामुदायिक र संस्थागत गरी आठओटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङख्याका रूपमा लिएको छ । वाक्यगठनका विभिन्न पक्षहरूमध्ये विद्यार्थीहरू सबैभन्दा कमजोर कालगत वाक्यगठनमा रहेको पाइयो भने सबल वचनगत वाक्यगठनमा रहेको पाइयो । लैङ्गिकताका आधारमा तुलनात्मक अध्ययन गर्दा छात्राहरू भन्दा छात्रहरूको वाक्यगठन क्षमता सबल रहेको पाइयो । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि रूपरेखा निर्माण गर्न तथा तुलनात्मक अध्ययन गर्न समेत सहयोग पुग्दछ ।

अधिकारी (२०७३) द्वारा 'कक्षा छमा अध्ययनरत गुरूङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कक्षा छमा अध्ययनरत गुरूङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटि हुनाका कारणहरू पत्ता लगाउनु, ती त्रुटिहरूको व्याख्या र विश्लेषण गर्नु रहेको छ । शोधमा लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत ८० जना गुरूङभाषी विद्यार्थीहरूलाई लिएर क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययनको उपयोग लिइएको छ । उक्त शोधको प्राप्तिका रूपमा कालगत, आदरगत, लिङ्गगत त्रुटिको मात्रा न्यून रहेको तर सबैभन्दा धेरै त्रुटि पक्ष र पुरुषमा गर्ने गरेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक आधार प्राप्त हुन्छ । त्यसका साथै अध्ययनको रूपरेखा निर्माण गर्न तथा तुलनात्मक अध्ययन गर्न समेत सहयोग पुग्दछ ।

खनाल (२०७३) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्य उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु, लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति र भौगोलिक परिवेशका आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्नु रहेको छ । बारा जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये नमुना छनोटका रूपमा दश ओटा लिइएको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन, क्षेत्रीय अध्ययन विधि, नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । समग्रताका आधारमा सबैभन्दा माथिल्लो श्रेणीमा ३८%

र तल्लो श्रेणीमा १०% रहेको हुँदा बारा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू वाक्यगठन क्षमता मध्यम स्तरको रहेको पाइयो । लैङ्गिकताका आधारमा छात्रभन्दा छात्राहरूको वाक्यगठन क्षमता उच्च रहेको र विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागतमध्ये संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमता उच्च रहेको पाइयो ।

प्रधान (२०७३) द्वारा 'भोजपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्यमा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठन क्षमता पत्ता लगाउनु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, वाक्यगठन क्षमता वृद्धिका लागि अपनाउन सकिने उपायहरू प्रस्तुत गर्नु रहेको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन, क्षेत्रीय अनुसन्धान विधि र नमुना छनोट विधिलाई प्रमुख विधिको रूपमा लिइएको छ । भाषिक पृष्ठभूमिलाई हेर्दा नेपाली भाषीको वाक्यगठन र दोस्रो भाषीको वाक्यगठनको तुलनात्मक अध्ययन गर्दा नेपाली भाषीको वाक्यगठन राम्रो रहेको देखाइएको छ भने लैङ्गिकताको आधारमा हेर्दा छात्र र छात्राको वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राको वाक्यगठन क्षमता राम्रो रहेको छ । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक आधार प्राप्त हुन्छ । त्यसका साथै अध्ययनको रूपरेखा निर्माण गर्न तथा तुलनात्मक अध्ययन गर्न समेत सहयोग पुग्दछ ।

रावल (२०७३) द्वारा 'अछाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकको शोधकार्य तयार गरिएको छ । अछाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गर्नु, उक्त विद्यार्थीहरूले गर्ने त्रुटिहरूको विद्यालयको प्रकृति, भौगोलिकता र लैङ्गिकताका आधारमा वर्गीकरण, वर्णन र विश्लेषण गर्नु उद्देश्य रहेको छ । सिकाइ उपलब्धिका आधारमा हेर्ने हो भने समग्रमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उपलब्धि स्तर खस्किएको भाषिक पृष्ठभूमिका आधारमा हेर्दा विद्यार्थीले गर्ने सम्पूर्ण त्रुटि मातृभाषाको प्रभावबाट मात्र नभई सामाजिक वातावरण र विद्यार्थीको नियमित अभ्यासको कमी रहेको विद्यालयको शैक्षिक वातावरणका आधारमा हेर्दा नियमित कक्षा सञ्चालन भए पनि विद्यार्थी

नियमित नहुनु र अभिभावकहरू आफ्ना बालबालिकाको शैक्षिक उन्नति प्रति उदासीन रहेको देखिन्छ । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् अनुसन्धानका लागि सैद्धान्तिक आधार प्राप्त हुन्छ ।

रोकाया (२०७३) द्वारा 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु, बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको भिन्नता पहिल्याउनु, विद्यालय प्रकृतिका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सामुदायिक र संस्थागत आठ ओटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यस शोधकार्यबाट वाक्यगठनका विभिन्न पक्षहरूमध्ये सबैभन्दा कमजोर वाच्यगत वाक्यगठनका रहेको पाइयो भने सबैभन्दा सबल लिङ्गगत वाक्यगठनमा रहेको, लैङ्गिकताको आधारमा तुलनात्मक अध्ययन गर्दा छात्रहरूको तुलनामा छात्राहरूको वाक्यगठन सबल रहेको, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमता सबल रहेको जस्ता निष्कर्षहरू निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् सैद्धान्तिक आधार प्राप्त हुनुका साथै अध्ययनको रूपरेखा निर्माण गर्न तथा तुलनात्मक अध्ययन गर्न समेत सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

विष्ट (२०७३) द्वारा 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिल्याउनु यस शोधको उद्देश्य रहेको छ । अछाम जिल्लाका सामुदायिक र संस्थागत  विद्यालयका १०० जना विद्यार्थीहरूको परीक्षण गरिएको छ । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययन, क्षेत्रीय

अध्ययन विधि, नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । वाक्यगठनका विभिन्न पक्षहरू सबैभन्दा कमजोर वाच्यगत र सबैभन्दा राम्रो वचनगत वाक्यगठन पाइयो । लैङ्गिकताका आधारमा छात्राहरूको तुलनामा छात्रहरूको वाक्यगठन क्षमता सवल रहेको पाइयो भने विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त शोध कार्यको अध्ययनले व्याख्या तथा विश्लेषण गर्नका लागि मद्दत पुऱ्याएको छ ।

शर्मा (२०७३) द्वारा 'कपिलवस्तु जिल्लाका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन' शीर्षकमा तयार पारिएको शोधपत्रमा कपिलवस्तु जिल्लाका कक्षा पाँचमा अध्ययनरत थारूभाषी विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिहरू पहिल्याउनु, उक्त लिङ्ग, वचन, पुरुष, काल आदरगत त्रुटिहरूको वर्गीकरण गर्नु, उक्त त्रुटिको कारण पत्ता लगाई व्याख्या, विश्लेषण गर्नु, वाक्यगठनमा सङ्गतिगत त्रुटिहरूको न्यूनीकरणका लागि सुझाव प्रस्तुत गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस अध्ययनमा जनसङ्ख्या र त्यसको छनोट, सामग्री छनोट र निर्माण तथा तथ्याङ्क विश्लेषण तथा व्याख्यान विधिको उपयोग गरिएको पाइन्छ । यस अध्ययनमा कपिलवस्तु जिल्लाका दश ओटा सामुदायिक र संस्थागत विद्यालयबाट दश दश जना गरी सय जना विद्यार्थीलाई लिइएको छ । भाषिक पृष्ठभूमिका आधारमा हेर्दा विद्यार्थीले गर्ने सम्पूर्ण त्रुटि मातृभाषाको प्रभावबाट मात्र नभई सामाजिक वातावरण विभिन्न जातजातिको भाषाको प्रभाव एवम् विद्यार्थी नियमित अभ्यासको कमी रहेको देखिन्छ । थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गरेका त्रुटिहरूमा स्त्रीलिङ्गी कर्ताका साथमा पुलिङ्गी क्रियापदको प्रयोग, आदरगत त्रुटि पनि प्रशस्त मात्रामा गरेको, प्रायजसो उच्च आदरार्थी क्रियापदको ठाउँमा निम्न आदरार्थी क्रियापदको प्रयोग, आदर गर्नुपर्ने ठाउँमा आदर प्रयोग नगर्ने र आदर नगर्नु पर्ने ठाउँमा आदरजनित क्रियापदको प्रयोग गर्ने गरेको पाइयो ।

माथि गरिएका पुस्तक र शोधपत्र समीक्षाको महत्त्व प्रस्तुत शोधपत्र शीर्षकमा उपयोगी रहको छ । कुनै पनि विषयवस्तुका बारेमा सैद्धान्तिक प्राचीन तथ्यहरूको खोज अध्ययन अनुसन्धान गरेर पुर्नव्याख्या विश्लेषण गर्न यसले विशेष सहयोग गर्नेछ । प्रस्तुत शोधपत्र वाक्यगठन क्षमता तयार गर्न, पूर्वकार्यको पुनरावलोकनले वाक्यको परिभाषा गर्न,

वाक्यको सैद्धान्तिक आधार प्रस्तुत गर्न, समस्या पहिचान गरी समाधानका उपाय सुझाउन, समस्याको विशिष्टकरण गर्न, पारिभाषीकरण गर्न, पुनरावृत्तिका सम्भावनालाई कम गर्न, सम्भावित त्रुटि पत्ता लगाउन, सामग्री सङ्कलन गर्न, विश्लेषण गर्न, विधि छनोट गर्न, शोधको औचित्य पुष्टि गर्न, शोधको रूपरेखा तयार गर्न, निष्कर्षमा पुग्न यसले सहयोग गरेको छ । प्रस्तुत शोधहरूको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निमार्ण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निमार्ण गर्न उपयोगी रहेको छ ।

## २.२ सैद्धान्तिक परिचय

### २.२.१ वाक्यगठनको परिचय

नेपाल एक बहुजाति, बहुभाषी, बहुसांस्कृतिक देश हो । यहाँ विभिन्न धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, भएका मानिस बसोबास गर्ने गर्दछन् । भाषा मानवीय वस्तु हो । भाषा विचार विनिमयको परम्परित माध्यम हो, जसको प्रचलित ध्वनि सङ्केत वा लिपि चिह्नद्वारा हुने गर्दछ (भुसाल, २०७१ : १) । मानवीय विचारलाई भाषाका दुई माध्यमहरूले वाक्यगठनको शिलशिलामा नेपाली मातृभाषी हुने र नेपाली इतर मातृभाषी हुने विद्यार्थीको वाक्यगठन क्षमता भिन्न पाइन्छ । वाक्य भाषाको तल्ला एकाइबाट बनेको सबैभन्दा ठूलो एकाइ हो । यसमा अभिव्यक्तिको पूर्णता रहेको हुन्छ । कथनको पूर्णता रहने भएकाले यसलाई सोपानक्रमिक आधारमा सबभन्दा ठूलो एकाइ मानिएको हो । संरचनावादले वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य आदिको संयोजनबाट वाक्य बन्दछ भनेको पाइन्छ । भाषाशास्त्री थ्याक्स र पतञ्जलिले पूर्ण अर्थको प्रतीति गराउने शब्द समूहलाई वाक्य मानेका छन् (भुसाल, २०७१ : १८३) । वाक्यगठनलाई वाक्यको आधारभूत तह मानिन्छ । वाक्यका आधारभूत तत्त्वहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, कारक, आदर, वाच्य, आदिलाई उपयुक्त सङ्गति मिलाएर वाक्यको निर्माण गर्नु नै वाक्यगठन हो । भाषालाई स्तरीय रूप दिन र भाषिक एकरूपता कायम गर्न भाषामा उपयुक्त वाक्यगठनको महत्त्वपूर्ण स्थान रहन्छ । विद्यार्थीहरूमा वाक्यगठनसम्बन्धी ज्ञान र अभ्यास हुन जरूरी छ । नेपाली भाषालाई स्तरीयता प्रदान गर्नको लागि उपयुक्त र नियमसङ्गत वाक्यगठनमा जोड दिनुपर्दछ ।

विद्यार्थीहरूमा सही वाक्यगठन गर्ने क्षमताको विकास हुन सके मात्र भाषा शिक्षण प्रभावकारी भएको मानिन्छ । भाषा र भाषा शिक्षणका क्षेत्रमा अध्ययन अनुसन्धानका कार्यहरू निरन्तर हुन जरूरी भएकाले विद्यार्थीहरू वाक्यगठन क्षमताको अनुसन्धान पनि विशेष महत्त्व रहन्छ । वाक्यमा वाक्यात्मक तत्त्वहरूलाई सङ्गतियुक्त तरिकाले संयोजन गर्न, विभिन्न प्रकृतिका वाक्यहरू निर्माण गर्न, संश्लेषण गर्न तथा भाषिक परिष्कार प्राप्त गर्नका लागि कुनै पनि विद्यार्थीले स्तरीय वाक्यगठनसम्बन्धी सीप सिक्न आवश्यक हुन्छ । किनकि वाक्यगठन भाषाको स्तरयुक्तता र उपयुक्तता पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो ।

वाक्यगठनसम्बन्धी केही महत्त्वपूर्ण परिभाषाहरू यसप्रकार छन् :

'व्याकरणिक अर्थको अभिव्यक्तिका लागि शब्दमा गरिने परिवर्तनलाई रूपायन भनिन्छ' (शर्मा, २०५५ : ५०) । 'वाक्यमा लिङ्ग, वचन, कारक, काल आदि छुट्टिएनन् भने शब्दहरू जिउन सक्दैनन् । यिनले शब्दलाई रूप साधन प्रत्ययद्वारा निश्चित बाटामा लैजान्छन् जसबाट वाक्यमा व्यवस्थितता आउँछ' (पराजुली, २०४९ : ५१) । 'शब्दमा गरिने रूपायनले त्यस शब्दको कोटिमा परिवर्तन गरी दिन्छ । व्याकरणात्मक अर्थको परिवर्तनका लागि शब्दमा विभिन्न लिङ्ग, वचन, पुरुष, कारक, काल, भाव र पक्ष जनाउने गरी रूपायक प्रत्ययहरू गाँसिन्छन् (ढकाल, २०५९ : १३०) । यसरी विभिन्न विद्वानका महत्त्वपूर्ण परिभाषा टिपोट गरिएको छ ।

भाषा मानव जातिले आजसम्म गरेका आविष्कारहरूमा सबैभन्दा महत्त्वपूर्ण आविष्कार हो । भाषाकै माध्यमबाट मानिस विचारको विनिमय गर्छन् । मान्छेले ज्ञान विज्ञानका क्षेत्रमा जे जति उपलब्धि हासिल गरेको छ त्यो सबै भाषाकै देन हो । सृष्टिका हरेक वस्तु परिर्वतनशील छन्, विज्ञान र प्रविधिको विकाससँगै समाजको परिवर्तन हुन्छ । परिवर्तित समाजमा उपयुक्त भाषाको माध्यमद्वारा बालबालिकालाई शिक्षा दिइन्छ । यसका लागि भाषाको आधुनिकीकरण हुन आवश्यक छ । आधुनिक समाजमा विविधता र जटिलतालाई सम्बोधन गर्दै भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण र बौद्धिकीकरण पनि हो (अधिकारी, २०६५ : ७२) । यसरी भाषाको प्रयोगमा शुद्धतालाई अग्रसर गराउनु आजको आवश्यकता हो ।

भाषालाई स्तरीय र सशक्त बनाउने कार्य वाक्यगठनले गर्दछ । जुन भाषामा वाक्यगठनको उपयुक्त प्रयोग हुन्छ, त्यो भाषा नै सम्वृद्ध मानिन्छ । वाक्यगठनका उपयुक्त तालमेलले नै पाठ्यपुस्तकलाई प्रभावकारी बनाउँछ । त्यसैले वाक्यगठनका पक्षहरूको आपसी संयोजनले नै भाषा तयार हुन्छ । त्यही भाषाका माध्यमबाट नै बालबालिकाले ज्ञान आर्जन गर्दछन् । विचार विनिमयको प्रभावकारी र सशक्त माध्यम भाषालाई संरचनात्मक रूपले सम्पन्न गराउने साथै वाक्यगठन गर्ने भएकाले यसको महत्त्व सर्वोपरि देखिन्छ । वाक्यमा लिङ्ग, वचन, काल, पक्ष आदि छुट्टिएनन् भने शब्दहरू जीवन्त बन्न सक्दैनन् । यिनले शब्दलाई रूप साधन आउँछ । शब्दहरूको जीवन्त तत्त्व भनेको व्याकरणात्मक कोटि हो । व्याकरणात्मक कोटिको आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्छन् । शब्दलाई निश्चित कार्यात्मक बाटोमा ल्याउन अर्थ तथा वाक्यात्मक क्रममा समेत सङ्गठित गरी भाषालाई सरल, सहज, सुबोध बनाउनका लागि पनि वाक्यगठनको प्रमुख भूमिका रहेको हुन्छ । त्यसैले कुनै शब्दको अर्थलाई स्पष्ट, सुबोध, सटिक र सक्रिय तुल्याउनका लागि पनि यसको भूमिका अतुलनीय रहेको पाइन्छ । त्यस्तैगरी वाक्यगठनका आधारभूत कुराप्रति सचेत गराउन र विद्यार्थीहरूले वातावरणबाट सिकेका भाषाहरूमा पाइने त्रुटिहरूको निराकरण गर्न भाषाको शिष्ट प्रसङ्ग अनुकूल एवम् औचित्यपूर्ण प्रयोगको प्रतिनिधित्व गराउन भाषाको प्रभावकारिता एवम् सौन्दर्य खल्बलिन नदिन र सम्बन्धित सामान्य विशेषताहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, कारक, वाच्य आदि पहिल्याउन वाक्यगठनको आवश्यकता पर्दछ ।

निष्कर्षमा भन्नुपर्दा विचार सम्प्रेषण तथा भाव ग्रहण र बोधका लागि भाषामा निहित वाक्यगठन महत्त्वपूर्ण माध्यम बन्न सक्छ । विचार विनिमयको प्रभावकारी र सशक्त माध्यम भाषालाई संरचनात्मक रूपले सम्पन्न गराउने कार्य वाक्यगठनले गर्ने भएकाले यसको महत्त्व सर्वोपरि देखिन्छ ।

### २.२.२ वाक्यगठनका पक्षहरू

वाक्यगठनका पक्षहरूमा सम्बन्धमा विद्वान् भाषाविद्हरू बीच फरक-फरक धारणा रहेको पाइन्छ । कर्ता, कर्म, र क्रियाको सही सङ्गति मिल्नु नै वाक्यगठन हो । प्रत्येक भाषाका वाक्यगठनमा आ-आफ्ना विशेषताहरू हुन्छन् । नेपाली भाषाको वाक्यगठनअन्तर्गत

नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, संयोजक, विस्मयादिबोधक, निपात आदि पदवर्गको साथै वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव, आदर, वाच्य, आदि सबै पर्दछन् । 'पदवर्गकै आधारमा लिङ्ग, वचन, कारक, आदिको रूपायन हुने भएकाले यी सबै वर्गलाई एकै समुहमा राख्नुपर्दछ । पदवर्गले वाक्यगठनको आश्रय नलिई व्याकरणात्मक कार्य सम्पन्न गर्न सक्दैनन् र यी दुवैको प्रकृति पनि बेग्ला बेग्लै भएकाले एकै वर्गमा राख्नु युक्ति सङ्गत देखिँदैन ।

## १. लिङ्ग

स्त्री वा पुरुष जाति बुझाउने वा छुट्याउने व्याकरणको चिह्नलाई लिङ्ग भनिन्छ । नेपालीमा पोथी वा स्त्रीजातिलाई जनाउने स्त्रीलिङ्ग र भाले वा पुरुष जातिलाई जनाउने पुलिङ्ग गरी दुई किसिमका लिङ्गहरू छन् (बराल र एटम, २०६५ : ३८) । त्यस्तै संस्कृतमा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक गरी तीन प्रकारका लिङ्गको उल्लेख गरिएको पाइन्छ । लिङ्ग वाक्यगठनको महत्त्वपूर्ण पक्ष मानिन्छ ।

लिङ्ग एक व्याकरणात्मक कोटि हो । यसको सम्बन्ध नाम, विशेषण र क्रियापदमा हुन्छ । नेपालीमा सजिव र मानवीय नाम, विशेषण र क्रियापक्षमा मात्र लिङ्ग भेद स्पष्ट देखिन्छ । यो मानवीय कर्ता वा मानवीय पदसँग मात्र सम्बन्धित हुन्छ । जस्तै :

अग्लो केटो हिँडदै छ । (पुलिङ्ग)

अग्ली केटी हिँडदै छे । (स्त्रीलिङ्ग)

माथिको उदाहरणमा पुलिङ्ग जनाउनका लागि 'केटो' (नाम), 'अग्लो' (विशेषण) र 'हिँडदै छ' (क्रियापद) आएका छन् भने स्त्रीलिङ्ग जनाउनका लागि 'केटी' (नाम) 'अग्ली' (विशेषण) र 'हिँडदै छे' (क्रियापद) प्रयोग गरिएको छ ।

## २. वचन

नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । त्यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ । नेपालीमा वचन एकवचन र बहुवचन गरी दुई किसिमका हुन्छन् । सामान्यतः एउटालाई बुझाउँदा एकवचन र एकभन्दा बढीलाई

बुझाउँदा बहुवचनको प्रयोग हुन्छ (अधिकारी, २०७१ : ८९) । वचनको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियापदमा हुन्छ । जस्तै :

| एकवचन | बहुवचन |
|---|---|
| केटो आयो । | केटाहरू आए । |
| गाईले घाँस खायो । | गाईहरूले घाँस खाए । |

३. पुरुष

व्यक्तिलाई बुझाउने व्याकरणात्मक चिह्नलाई पुरुष भनिन्छ (बराल र एटम, २०६५ : ४३) । नेपाली भाषामा यसका तीन प्रकार रहेका छन् । नेपालीमा बोल्ने (वक्ता) व्यक्तिलाई जनाउने प्रथम पुरुष, सुन्ने (श्रोता) व्यक्तिलाई जनाउने द्वितीय पुरुष र जसका बारेमा कुरा गरिन्छ, त्यसलाई तृतीय पुरुष भनिन्छ । पुरुषको अभिव्यक्ति सर्वनाम र क्रियापदमा हुन्छ । जस्तै :

प्रथम पुरुष - म भात खान्छु ।
- हामी भात खान्छौँ ।

द्वितीय पुरुष - तँ भात खान्छस ।
- तिमीहरू भात खान्छौँ ।

तृतीय पुरुष - ऊ भात खान्छ ।
- उनीहरू भात खान्छन् ।

४. आदर

नाम, सर्वनाम र क्रियापदले सङ्केत गर्ने व्यक्तिको सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदर भनिन्छ (बराल र एटम, २०६५ : ४८) । वाक्यमा मर्यादा वा सम्मानका स्तर बुझाउने व्याकरणिक तत्त्व आदर हो । नेपाली भाषामा आदर चार प्रकारका छन् :

शून्य आदर (अनादर), मध्यम आदर (सामान्य), उच्च आदर र उच्चतम आदर आदि रहेका छन् । त्यस्तै द्वितीय पुरुष, सर्वनाम तँ, तिमी, तपाई, हजुर यी सबैले आदरका विभिन्न रूपहरूलाई सङ्केत गर्दछन् । मूलत : आदरको अभिव्यक्ति सर्वनाम र क्रियामा हुन्छ । जस्तै :

अनादर – तँ घर जा ।

– तैले खाना खाइस् ।

सामान्य आदर – तिमी के लेख्दै छौ ।

– माया घर जान्छिन् ।

उच्च आदर – प्रधानमन्त्री विदेश जानुभएछ ।

– तपाई के खानुहुन्छ ।

उच्चतम आदर – मौसुफबाट प्रदर्शनी नजर गरिबक्स्यो ।

– हजुर आज फर्किबक्सन्न ।

## ५. काल

काल क्रियापदको समय सङ्केतक कोटि हो । सामान्य जसरी बाह्य जगत्मा समयलाई भूत, वर्तमान र भविष्यत् गरी तीन क्षेत्रमा विभाजन गरिन्छ । त्यसरी नै व्याकरणात्मक काललाई पनि तीन भागमा छुट्याउन खोजिन्छ, तर रूपायनिक विशेषताहरूले विभेदित भई व्यक्त हुन सकेमा मात्र उक्त कालहरू व्याकरणात्मक आधारमा एक–अर्कोबाट विभेदक मानिन्छन् (अधिकारी, २०७१ : १३०) । यसरी क्रियाको समय जनाउने सङ्केतक कोटिलाई काल भनिन्छ । क्रियापदले वर्णन गरेको काम वा अवस्थाको आधार बनाएर कालको निर्धारण हुन्छ । क्रियापदले वर्णंन गरेको काम वा अवस्थाको आधार बनाएर कालको निर्धारण हुन्छ । व्यक्त गर्दा सुरू भएको त्यसभन्दा अगाडि भइसकेको र त्यसभन्दा पछाडि सुरू हुने आधारमा काल छुट्याउने प्रचलन छ (बराल र एटम २०६५ : ११४) । क्रियापदमा धातुका पछाडि जोडिएका प्रत्ययहरूले नै कालको परिचय दिन्छन् । यसरी भइरहेको र पछि हुने कार्यलाई काल भन्न सकिन्छ । परम्परागत रूपमा काल तीन

प्रकारका मानिए पनि वर्तमानमा भूत र अभूत गरी दुई प्रकारका छन् । भूतकालको कुनै भेद छैन तर अभूतकाललाई वर्तमान र भविष्यत्काल गरी दुई भागमा विभाजन गर्न सकिन्छ । भूतकालमा बितेका समयलाई राख्न सकिन्छ भने वर्तमान समय र पछि आउने समयलाई अभूत कालमा राख्न सकिन्छ ।

**क) भूतकाल**

कथनसमय भन्दा अगाडि नै कुनै काम भई सकेको बुझाउने क्रियापदको काललाई भूतकाल भनिन्छ । भूतकालले बितेको समयलाई बुझाउँछ । जस्तै :

– केटाले लेख लेख्यो ।

– तिमी किताब पढ्छौ ।

**ख) वर्तमान काल**

कथनसमयकै सेरोफेरोमा कुनै काम हुन्छ भनी बुझाउने क्रियापदको काललाई वर्तमान काल भनिन्छ । वर्तमान कालले भइरहेको समयलाई बुझाउँछ । जस्तै :

– केटाले लेख लेख्छ ।

– तिमी किताब पढ्छौ ।

**ग) भविष्यत् काल**

कथनसमय भन्दा कुनै काम हुने बुझाउने क्रियापदको काललाई भविष्यत् काल भनिन्छ । भविष्यत् कालले पछि आउने समयलाई बुझाउँछ । जस्तै :

– केटो लेख लेख्नेछ ।

– तिमी किताब पढ्नेछौ ।

**६. पक्ष**

पक्षले खास कालको परिवेश भित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाका विभिन्न अवस्था वा चरण व्यक्त हुन्छन् (अधिकारी, २०७१ : १३४) । क्रियाका कालको अवधि र अवस्थालाई पक्ष भनिन्छ । पक्षको सम्बन्ध

क्रियाका कालसँग रहन्छ । एउटै कालभित्र विभिन्न पक्षहरू हुन्छन् । काल समयको ठूलो वा स्थूल विभाजन हो । कालले समयको सामान्य विभाजनलाई र पक्षले त्यसको विशेष विभाजनलाई बुझाउँछ । पक्षले कालको विशेषता बुझाउँछ । पक्षलाई कालको प्रकारका रूपमा लिन सकिन्छ । कुनै कालमा भएको कामको अवस्थालाई पक्ष भनिन्छ । पक्षले काम हुँदै गरेको, सकिएको वा कस्तो स्थितिमा रहेको छ भन्ने जानकारी दिन्छ । एउटै कालभित्र पनि विभिन्न पक्षहरू हुने भएकाले पक्षलाई कालको मसिनो वा सूक्ष्म विभाजन पनि भनिन्छ (बराल र एटम, २०६५ : ११५) । त्यसैले कालअनुसार पक्षहरू पनि फरक हुन सक्छन् । जस्तै :

सामान्य पक्ष – रामले भकुण्डो खेल्यो ।

अपूर्ण पक्ष – राम भकुण्डो खेल्दै थियो ।

पूर्ण पक्ष – रामले भकुण्डो खेलेको थियो ।

अज्ञात पक्ष – रामले भकुण्डो खेलेछ ।

अभ्यस्त पक्ष – राम भकुण्डो खेल्थ्यो ।

नेपालीका काल र पक्षलाई के भन्न सकिन्छ भने वर्तमान र भविष्यत् कालमा सामान्य, अपूर्ण र पूर्ण गरी तीन-तीन पक्ष हुन्छन् भने भूतकालमा सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच ओटा पक्ष हुन्छन् ।

### ७. भाव

भाषा प्रयोग गर्ने व्यक्ति (वक्ता वा लेखक) को मनोभाव वा मनशायलाई बुझाउँदा फेरिने क्रियाको रूप नै भाव हो । भावको अभिव्यक्ति क्रियापदको भिन्नताबाट हुन्छ । यस्ता मनोभावहरूमा सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत पर्दछन् (बराल र एटम, २०६५ : १२९) । क्रियाद्वारा वक्ताको मनोभाव तथा मनोवृत्ति जनाउने कोटिलाई भाव भनिन्छ ( अधिकारी, २०७१ : १३८) । नेपालीमा भावहरू सामान्य, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ गरी पाँच प्रकारका रहेका छन् :

म रोएँ । सामान्यार्थ

तिमी रोऊ । आज्ञार्थ

तँ रोएस् । इच्छार्थ

तपाई रुनुहोला । सम्भावनार्थ

उनीहरू रोए राम्रो हुन्छ । सङ्केतार्थ

## ८. वाच्य

वाक्यमा कर्ता, कर्म, वा भाव (क्रिया) मध्ये कुनै एकैलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ (अधिकारी, २०७१ : १८२) । यसले वाक्यमा नामिक पद र क्रियाको सम्बन्धलाई जनाउँछ । वाक्यमा कर्ताको, कर्मको र क्रियाको प्राधान्य रहन्छ । क्रियाको सम्बन्ध कर्तासँग रहँदा कर्मवाच्य हुन्छ । त्यस्तै कर्ता र कर्म वा भाव गरी तीन किसिमका हुन्छन् । वाक्यको विषय कर्ता, कर्म, वा भाव गरी तीन किसिमका हुन्छन् । वाक्यको विषय कर्ता, कर्म र अर्थ मध्ये कुनै एकलाई प्रधान ठानी प्रयोग गरिएको क्रियापदको स्वरूपले वाच्यलाई जनाउँछ ।

### अ) कर्तृवाच्य

क्रियापदको सङ्गति कर्तासँग रहने वाक्य कर्तृवाच्य हो । कर्तृवाच्यमा कर्ता र क्रियापदका बीच अन्वय भई कर्ता अनुसार क्रियापदको लिङ्ग, वचन, पुरुष र आदर समेतको सङ्गति रहने हुन्छ । कर्तृवाच्य सकर्मक र अकर्मक क्रियायुक्त वाक्यमा हुन्छ । जस्तै :

हरि पुस्तकहरू पढ्छ । (सकर्मक कर्तृवाच्य)

रमेश हिँडछ । (अकर्मक कर्तृवाच्य)

### आ) कर्मवाच्य

कर्म मुख्य भई कर्मकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यको क्रियापद सकर्मक मात्र हुन्छ । कर्मवाच्यको

कर्तामा 'बाट' वा 'द्वारा' विभक्ति जोडिएको हुन्छ र क्रियापदको धातुपछि 'इ' थपिएको हुन्छ । सकर्मक क्रियाले बनेका कर्तृवाच्यको वाच्यान्तरण गर्दा कर्मवाच्य बन्दछ । जस्तै :

केटाद्वारा केटी कुटिई । भाइबाट दूध खाइयोस् ।

**इ) भाववाच्य**

क्रियाको सम्बन्ध कर्ता र कर्मसँग नभई सोही क्रियाको भावसँग रहने वाच्य भाववाच्य हो । भाववाच्यको क्रियापद अकर्मक मात्र हुन्छ र तृतीय पुरुष, एकवचन, पुलिङ्ग तथा अनादरमा रहेको हुन्छ । भाववाच्यको कर्तामा 'बाट' वा 'द्वारा' विभक्ति जोडिन्छ र त्यो गौण बन्दछ जसले गर्दा यो लोप पनि हुन्छ । यसमा धातुपछि 'इ' जोडिएको हुन्छ । जस्तै :

तिमीद्वारा निदाइयो । आफू आज त हिँडिन्छ ।

# अध्याय तीन

# शोधविधि र प्रक्रिया

## ३.१ शोधविधि

प्रस्तुत अध्ययन सम्पन्न गर्नको लागि विभिन्न अध्ययन विधिहरूको अवलम्बन गरी आवश्यक सामग्री तथा तथ्यहरूको सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्यको शीर्षक नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता रहेको छ । प्रस्तुत शीर्षक हेर्दा क्षेत्रीय अध्ययन विधि सान्दर्भिक हुने देखिन्छ । मूलत : क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको प्रस्तुत शोधकार्यको लागि निम्नानुसार प्रक्रियाहरू अपनाइएको छ :

### ३.१.१ पुस्तकालयीय अध्ययन

प्रस्तुत अध्ययनमा वाक्यगठन सैद्धान्तिक अध्ययनका लागि विभिन्न सन्दर्भ सामग्री, विभिन्न कृति, लेखरचना, व्याकरणसम्बन्धी पुस्तकहरू र यस अघि सम्पन्न भएका शोधपत्रहरू अध्ययन गरी सामग्री सङ्कलन गरिने भएकाले पुस्ताकलयीय अध्ययनको प्रयोग गरिएको छ ।

### ३.१.२ क्षेत्रीय अध्ययन विधि

क्षेत्रीय अध्ययन विधि एक महत्त्वपूर्ण विधि हो । निश्चित भौगोलिक क्षेत्रलाई सीमाङ्कन गर्दै त्यहाँको स्थलगत अध्ययन गरी यथार्थपरक अनुसन्धान गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि भनिन्छ (भट्टराई, २०७३ : ४६) । यस अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलनका क्रममा शोधार्थी नवलपरासी जिल्लाका आठओटा विद्यालयमा गई विभिन्न विषयगत र वस्तुगत प्रश्नहरूको उत्तर लेख्न लगाइएको छ । विद्यार्थीहरूको उत्तरपुस्तिका जाँची त्यसको आधारमा विश्लेषण गरिएको छ । सम्बन्धित विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता के कस्तो छ भनी मूल्याङ्कन गरी प्रत्येक विद्यालयका विद्यार्थीहरूको त्रुटि क्षेत्र पहिचान गरी सोही आधारमा व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरी छात्र र छात्रा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बीच वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२ शोध प्रक्रिया

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गर्ने प्रस्तुत शीर्षकको अध्ययन कार्य सम्पन्न गर्न निम्न प्रक्रिया अपनाइएको छ :

### ३.२.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

यस विधिमा सम्पूर्ण जनसङ्ख्यामध्ये प्रतिनिधित्त्व हुनेगरी नमुना जनसङ्ख्या छनोट गरिएको छ । प्रस्तुत शोधकार्य नवलपरासी जिल्लाका विभिन्न क्षेत्रका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालयमा गई कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूमध्ये ५/५ जना छात्र र छात्रालाई लिइएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोतहरू

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतहरूको उपयोग गरिएको छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैँले विभिन्न साधनहरूको उपयोग गरेर सङ्कलन गरिएका सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ । प्रस्तुत अध्ययन कार्यका लागि नवलपरासी जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालयका ८० जना विद्यार्थीहरूबाट प्राप्त परीक्षणीय उत्तरपुस्तिकाहरू र नेपाली भाषा शिक्षकलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा समावेश गरेर यो अध्ययन अगाडि बढाइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

अनुसन्धानकर्ताले पहिले नै अन्य अनुसन्धानको क्रममा प्रयोग गरिसकेका सामग्रीलाई द्वितीयक स्रोतबाट प्राप्त सामग्री भनिन्छ (भट्टराई, २०७३ : ७७) । प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि अध्ययनमा तथ्याङ्क विश्लेषणका लागि द्वितीयक स्रोतको उपयोग गरिएको छ । यस क्रममा वाक्यगठनसँग सम्बन्धित प्रश्नहरू, पाठ्यपुस्तक, शोधपत्र, पत्रपत्रिका, लेखरचना आदिलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि विभिन्न क्षेत्रका सम्बन्धित विद्यालयमा गई विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन गरी सामग्री सङ्कलन गरिने भएकाले त्यसै अनुसार सामग्री निर्माण गर्ने कार्य गरिएको छ । जसमा वाक्यगठनका पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, वाच्य, कारक आदिसँग सम्बन्धित भएर वस्तुगत र विषयगत प्रश्नहरू ५० पूर्णाङ्कको निर्माण गरी प्रत्येक प्रश्नलाई १/१ अङ्क प्रदान गर्ने गरी ८० जना विद्यार्थीहरूलाई लेख्न लगाएर लिखित परीक्षाद्वारा सामग्री सङ्कलन गरिएको छ । उक्त सामग्रीलाई परीक्षण गरेर प्रत्येक विद्यार्थीहरूले कुन कुन पक्षमा गल्ती गरे र कुन कुन पक्षमा ठीक गरे भनी विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गरिएको छ ।

## ३.५ तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययनको उद्देश्य पुरा गर्न तथा निष्कर्ष सम्म पुग्नको लागि सङ्कलन गरिएको तथ्याङ्कहरूको विश्लेषण गर्न जरूरी हुन्छ । तसर्थ यस अध्ययनमा विषयगत र वस्तुगत प्रश्नावली तयार गरेर नवलपरासी जिल्लाको नमुना छनोटमा परेका चार सामुदायिक र चार संस्थागत गरी जम्मा ८ ओटा विद्यालयमा पुगेर सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन परिमाणात्मक प्रकृतिको हुने भएकाले प्राथमिक द्वितीयक स्रोतबाट प्राप्त सामग्रीलाई मुख्यत : क्षेत्रीय अध्ययन र नमुना सर्वेक्षण विधिअन्तर्गत रहेर तथ्याङ्कको विश्लेषण गरिएको छ । यहाँ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनका विभिन्न पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य आदिमा के कस्ता गल्ती गरेका छन् र कति राम्रो गरेका छन् सबैभन्दा बढी कुन पक्षमा गरे र सबैभन्दा कम त्रुटि कुन पक्षमा गरे ? तिनको उत्तरकुञ्जिका तयार पारी उत्तरपुस्तिकाको परीक्षण गरी व्याख्या विश्लेषणका आधारमा विद्यार्थीहरूले सबल र दुर्बल पक्षहरूलाई तालिकीकरण गरिएको छ, साथै छात्र र छात्रा, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरी तालिकीकरण गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको वाक्यगठनका पाँच ओटा पक्षहरू वचन, पुरुष, वाच्य, काल र आदरलाई आधार बनाइएको छ । यहाँ समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

**समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन**


| कुल विद्यार्थी सङ्ख्या | १ देखि १० सम्म | | ११ देखि २० सम्म | | २१ देखि ३० सम्म | | ३१ देखि ४० सम्म | | ४१ देखि ५० सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | क्षमता प्रतिशत | सङ्ख्या | क्षमता प्रतिशत | सङ्ख्या | क्षमता प्रतिशत | सङ्ख्या | क्षमता प्रतिशत | सङ्ख्या | क्षमता प्रतिशत |
| ८० | ० | ० | ० | ० | ३ | ४ | २४ | ३० | ५३ | ६६ |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकामा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको परीक्षणबाट प्राप्त प्राप्ताङ्क गणना गरिएको छ । यहाँ नमुना छनोटमा परेका कुल विद्यार्थीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीको रूपमा निर्धारण गरिएको छ । एक देखि १० सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको छ । ११ देखि २० सम्म प्राप्ताङक प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि शून्य नै रहेको छ । २१ देखि ३० सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात् ४ प्रतिशत रहेको छ । ३१ देखि ४० सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ३० प्रतिशत रहेको छ । ४१ देखि ५० सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५३ जना अर्थात् ६६ प्रतिशत रहेको छ ।

यसरी समग्रमा माथिको तालिकाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने सबैभन्दा तल्ला श्रेणीका रूपमा एकदेखि १० र ११ देखि २० सम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको छ भने उच्चतम श्रेणीका रूपमा ४१ देखि ५० सम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५३ अर्थात् ६६ प्रतिशत रहेकोले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

वृत्तारेख : १




## ४.१ कालका आधारमा वाक्यगठन क्षमता

नेपाली भाषामा वाक्यगठनका विविध पक्षहरूमध्ये काल पनि एक हो । विद्यार्थीहरूको कालगत वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २

कालका आधारमा वाक्यगठन क्षमता


| प्रश्न सङ्ख्या ८ | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १३ | १६ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ६७ | ८४ |
| कुनै पनि नमिलाउने | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकाअनुसार कालगत वाक्यगठन क्षमता जाँच्नका लागि आठओटा प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये १३ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरूले चारदेखि छओटा प्रश्न मात्र मिलाएका छन् । ६७ जना अर्थात् ८४ प्रतिशत विद्यार्थीहरूले सातदेखि आठओटा प्रश्न मिलाएका छन् । कुनै पनि नमिलाउने सङ्ख्या शून्य रहेको पाइयो ।

यसरी समग्रमा माथिको तालिकाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने कालगत वाक्यगठन क्षमतामा ६७ जना अर्थात् ८४ प्रतिशत विद्यार्थी सङ्ख्या सबल रहेको पाइयो भने १३ जना अर्थात् १६ प्रतिशत विद्यार्थी सङ्ख्या कमजोर रहेको पाइयो ।

वृत्तारेख : २



## ४.२ आदरगत आधारमा वाक्यगठन क्षमता

नेपाली भाषामा वाक्यगठनका विविध पक्षहरूमध्ये आदरगत पक्ष पनि एक हो । विद्यार्थीहरूको आदरगत वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

आदरगत आधारमा वाक्यगठन क्षमता


| प्रश्न सङ्ख्या ८ | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ६ | ७ |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | २० | २५ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ५४ | ६८ |
| कुनै पनि नमिलाउने | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकाअनुसार आदरगत वाक्यगठन क्षमता जाँच्नका लागि सोधिएका आठओटा प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये ६ जना अर्थात् ७ प्रतिशत विद्यार्थीहरूले एक देखि ३ ओटा प्रश्नमात्र मिलाएका छन् । २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्नहरू मिलाएका छन् भने ५४ जना अर्थात् ६८ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्नहरू मिलाएका छन् । कुनै पनि नमिलाउनेको सङ्ख्या शून्य रहेको पाइयो ।

समग्रमा माथिको तालिकाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने आदरगत वाक्यगठन क्षमता ५४ जना अर्थात् ६८ प्रतिशत विद्यार्थी सङ्ख्या सबल रहेको पाइयो भने २० जना अर्थात् २५ प्रतिशत विद्यार्थी सङ्ख्या कमजोर रहेको पाइयो ।

वृत्तारेख : ३




## ४.३ वाच्यका आधारमा वाक्यगठन क्षमता

नेपाली भाषामा वाक्यगठनका विविध पक्षगत पनि एक हो । विद्यार्थीहरूको वाच्यगत वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४

वाच्यगत आधारमा वाक्यगठन क्षमता


| प्रश्न सङ्ख्या ८ | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| १ देखि ३ ओटा प्रश्न मिलाउने | १० | १२ |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | ४० | ५० |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३० | ३८ |
| कुनै पनि नमिलाउने | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकाअनुसार वाच्यगत वाक्यगठन क्षमता जाँच्नका लागि सोधिएका आठओटा प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये १० जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरूले १ देखि ३ ओटा प्रश्न मात्र मिलाएका छन् । ४० जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् भने ३० जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् । कुनै पनि नमिलाउनेको सङ्ख्या शून्य रहेको छ ।

समग्रमा माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने वाच्यगत वाक्यगठन क्षमतामा ३० जना अर्थात् ३८ प्रतिशत विद्यार्थी सङ्ख्या मात्र सबल रहेको पाइयो भने ५० जना अर्थात् ६२ प्रतिशत विद्यार्थी सङ्ख्या कमजोर रहेको पाइयो ।

**वृत्तारेख : ४**




## ४.४ वचनका आधारमा वाक्यगठन क्षमता

नेपाली भाषामा वाक्यगठनका विविध पक्षहरूमध्ये वचनगत पक्ष पनि एक हो । विद्यार्थीहरूको वचनगत वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ५

### वचनगत आधारमा वाक्यगठन क्षमता


| प्रश्न सङ्ख्या ८ | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| --- | --- | --- |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १० | १३ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ७० | ८७ |
| कुनै पनि प्रश्न नमिलाउने | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकाअनुसार वचनगत वाक्यगठन क्षमता जाँच्नका लागि सोधिएका ८ ओटा प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये १० जना अर्थात् १३ प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । ७० जना अर्थात् ८७ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् । कुनै पनि नमिलाउने शून्य रहेको पाइयो ।

समग्रमा माथिको तालिकाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने वचनगत वाक्यगठन क्षमतामा ७० जना अर्थात् ८७ प्रतिशत विद्यार्थी सङ्ख्या सबल रहेको पाइयो भने १० जना अर्थात् १३ प्रतिशत विद्यार्थी सङ्ख्या कमजोर रहेको पाइयो ।

### वृत्तारेख : ५



## ४.५ पुरुषगत आधारमा वाक्यगठन क्षमता

नेपाली भाषामा वाक्यगठनका विविध पक्षहरूमध्ये पुरुषगत पक्ष पनि एक हो । विद्यार्थीहरूको पुरुषगत वाक्यगठन अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६

पुरुषगत आधारमा वाक्यगठन क्षमता


| प्रश्न सङ्ख्या ८ | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १५ | १९ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ६५ | ८१ |
| कुनै पनि नमिलाउने | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिकाअनुसार पुरुषगत वाक्यगठन क्षमता जाँच्नका लागि सोधिएका आठओटा प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये १५ जना अर्थात् १९ प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । ६५ जना अर्थात् ८१ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्नहरू मिलाएका छन् ।

यसरी समग्रमा माथिको तालिकाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पुरुषगत वाक्यगठन क्षमतामा ६५ जना अर्थात् ८१ प्रतिशत विद्यार्थी सङ्ख्या सबल रहेको पाइयो भने १५ जना अर्थात् १९ प्रतिशत विद्यार्थी कमजोर रहेको पाइयो ।

वृत्तारेख : ६




## ४.६ स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति

विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनका क्रममा स्वतन्त्र लेखनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७

**स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति**

| पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १० | ९ | ९० | ६ | |
| | ८ | ८० | ३२ | |
| | ७ | ७० | २२ | |
| | ६ | ६० | १२ | |
| | ५ | ५० | ६ | |
| | ४ | ४० | १ | |
| | ३ | ३० | ० | |
| | २ | २० | १ | |
| | १ | १० | ० | |
| | ० | ० | ० | |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथि प्रस्तुत तालिकामा समग्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई राखिएको छ । यसबाट के स्पष्ट हुन्छ भने १० पूर्णाङ्कको स्वतन्त्र लेखनको उत्तर दिने क्रममा कक्षा आठका ८० जना विद्यार्थीहरूमध्ये ६ जनाले नौ अङ्क अर्थात् ९० प्रतिशत अङ्क, ३२ जनाले आठ अङ्क अर्थात् ८० प्रतिशत अङ्क, २२ जनाले सात अङ्क अर्थात् ७० प्रतिशत अङ्क, १२ जनाले छ अङ्क अर्थात् ६० प्रतिशत अङ्क, ६ जनाले पाँच अङ्क अर्थात् ५० प्रतिशत अङ्क, १ जनाले चार अङ्क अर्थात् ४० प्रतिशत अङ्क, १ जनाले दुई अङ्क अर्थात् २० प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

माथि प्रस्तुत विवरणलाई तलको तालिकामा मध्यमान, प्रतिशत र मानक विचलन निकाली देखाइएको छ :

| विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | वि.सं. | प्रतिशत | वि.सं. | प्रतिशत |
| ८० | ७.१५ | ७१.५ | ०.७२५ | ७४ | ९२.५ | ६ | ७.५ |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकामा १० पूर्णाङ्कको वाक्य लेखनमा ८० जना विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७.१५ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ७१.५ प्रतिशत हुन्छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने ६ जना अर्थात् ७.५ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने ७४ जना अर्थात् ९२.५ प्रतिशत विद्यार्थी सङ्ख्या रहेको पाइन्छ । १० पूर्णाङ्कको परीक्षणमा मानक विचलन ०.७२५ विद्यार्थीको सिकाइ स्तरमा भिन्नता रहेको जनाउँछ । प्राप्ताङ्कमा उच्च अङ्क ९ र न्यूनतम अङ्क ० रहेकाले केही विद्यार्थी अत्यन्त कमजोर र केही विद्यार्थी राम्रा देखिन्छन् । समग्रमा हेर्दा उपचारात्मक शिक्षण अपनाएर विद्यार्थीहरूलाई प्रशस्त लेखन अभ्यास गराउनुपर्ने स्थिति देखिन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलना

## ५.१ लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### ५.१.१ कालगत आधारमा तुलना

तालिका नं. ८

कालगत आधारमा तुलना


| प्रश्न सङ्ख्या ८ | छात्र विद्यार्थी | | छात्रा विद्यार्थी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | ५ | १३ | ८ | २० | १३ | १६ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३५ | ४४ | ३२ | ८० | ६७ | ८४ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार कालगत आधारमा वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या १३ जना अर्थात् १६ प्रतिशत रहेको पाइन्छ । जहाँ छात्र ५ जना र छात्रा ८ जना अर्थात् क्रमशः १२ र २० प्रतिशत रहेको पाइन्छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ६७ जना अर्थात् ८४ प्रतिशत रहेको पाइन्छ  जसमा छात्र ३५ जना र छात्र ३२ जना अर्थात् क्रमशः ४४ र

८० प्रतिशत रहेको पाइन्छ । समग्रमा छात्रा र छात्रको कालसम्बन्धी वाक्यगठन क्षमता तुलनामा दुवैको सबल रहेको देखिन्छ ।

वृत्तारेख : ७




### ५.१.२ आदरगत आधारमा तुलना

तालिका नं. ९


आदरगत आधारमा तुलना

| प्रश्न सङ्ख्या ८ | छात्र विद्यार्थी | | छात्रा विद्यार्थी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | १ | २ | १ | १ |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १० | २५ | १० | २५ | २० | २५ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३० | ७५ | २९ | ७३ | ५९ | ७४ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार आदरगत क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको छ । जसमा छात्र ० र छात्रा १ जना अर्थात् १ प्रतिशत रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या २० जना अर्थात् २५ प्रतिशत रहेको छ । जहाँ छात्र सङ्ख्या १० र छात्रा सङ्ख्या १० जना अर्थात् क्रमशः २५ र २५ प्रतिशत रहेको छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ५९ जना अर्थात् ७४ प्रतिशत रहेका छन् । जसमा छात्र सङ्ख्या ३० र छात्रा सङ्ख्या २९ जना अर्थात् ७५ र ७३ प्रतिशत रहेको छ । कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । समग्रमा छात्रहरू र छात्राहरूको आदरसम्बन्धी वाक्यगठन क्षमता तुलना गर्दा दुवैको राम्रो रहेको देखिन्छ ।

**वृत्तारेख : ८**



### ५.१.३ वाच्यगत आधारमा तुलना

तालिका नं. १०


वाच्यगत आधारमा तुलना

| प्रश्न सङ्ख्या ८ | छात्र विद्यार्थी ४० | | छात्रा विद्यार्थी ४० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ३ | ७ | ५ | १३ | ८ | १० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | २४ | ६० | १७ | ४२ | ४१ | ५१ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | १३ | ३३ | १८ | ४५ | ३१ | ३९ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार वाच्यगत आधारमा वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १० प्रतिशत रहेको छ । जसमा छात्र सङ्ख्या ३ र छात्रा सङ्ख्या ५ जना अर्थात् क्रमशः ७ र १३ प्रतिशत रहेको पाइन्छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ४१ जना अर्थात् ५१ प्रतिशत रहेको पाइन्छ । जसमा छात्र सङ्ख्या २४ र छात्रा सङ्ख्या १७ जना अर्थात् क्रमशः ६० र ४२ प्रतिशत रहेको पाइन्छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ३१ जना अर्थात् ३९ प्रतिशत रहेको छ । जसमा छात्र सङ्ख्या १३ र छात्रा सङ्ख्या १८ जना अर्थात् क्रमशः ३३ र ४५ प्रतिशत रहेको छ । कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो । समग्रमा छात्र र छात्राको वाच्यगत वाक्यगठन क्षमता तुलना गर्दा दुबैको सबल रहेको देखिन्छ ।

वृत्तारेख : ९




## ५.१.४ वचनगत आधारमा तुलना

तालिका नं. ११

वचनगत आधारमा तुलना


| प्रश्न सङ्ख्या ८ | छात्र विद्यार्थी | | छात्रा विद्यार्थी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १ | २ | ७ | १७ | ८ | १० |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३९ | ९८ | ३३ | ८३ | ७२ | ९० |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार वचनगत आधारमा वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १० प्रतिशत रहेको छ । जहाँ छात्र १ जना र छात्रा ७ जना अर्थात् क्रमशः २ र १७ प्रतिशत

रहेको पाइन्छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ७२ जना अर्थात् ९० प्रतिशत रहेको पाइन्छ । जहाँ छात्र ३९ र छात्रा ३३ जना अर्थात् क्रमशः ९८ र ८३ प्रतिशत रहेको पाइन्छ । कुन पनि नमिलाउने थिएनन् । समग्रमा छात्रछात्राको वचनसम्बन्धी वाक्यगठन क्षमता उस्तै उस्तै रहेको देखिन्छ ।

वृत्तारेख : १०




### ५.१.५ पुरुषगत आधारमा तुलना

तालिका नं. १२


पुरुषगत आधारमा तुलना

| प्रश्न सङ्ख्या ८ | छात्र विद्यार्थी ४० | | छात्रा विद्यार्थी ४० | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | ५ | १२ | १० | २५ | १५ | १९ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३५ | ८८ | ३० | ७५ | ६५ | ८१ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार पुरुषगत आधारमा वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या १५ जना अर्थात् १९ प्रतिशत रहेको पाइन्छ । जहाँ छात्र सङ्ख्या ५ र छात्रा सङ्ख्या १० जना अर्थात् क्रमशः १२ र २५ प्रतिशत रहेको पाइन्छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ६५ जना अर्थात् ८१ प्रतिशत रहेको पाइन्छ । जहाँ छात्र सङ्ख्या ३५ र छात्रा सङ्ख्या ३० जना अर्थात् क्रमशः ८८ र ७५ प्रतिशत रहेको पाइन्छ । कुनै पनि नमिलाउने विद्यार्थी थिएनन् । समग्रमा छात्रछात्राको पुरुषसम्बन्धी वाक्यगठन क्षमता उस्तै उस्तै रहेको देखिन्छ ।

**वृत्तारेख : ११**




## ५.२ स्वतन्त्र लेखनसम्बन्धी छात्र र छात्रा विद्यार्थीको तुलना

स्वतन्त्र लेखनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजाको आधारमा छात्र र छात्रा विद्यार्थीको तुलनात्मक अध्ययनलाई तल तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १४

स्वतन्त्र लेखनसम्बन्धी छात्र र छात्रा विद्यार्थीको तुलना

| पूर्णाङ्क | छात्र | | | छात्रा | | |
|---|---|---|---|---|---|---|
| | प्राप्ताङ्क | प्रतिशत | सङ्ख्या | प्राप्ताङ्क | प्रतिशत | सङ्ख्या |
| १० | ९ | ९० | १ | ९ | ९० | ५ |
| | ८ | ८० | १५ | ८ | ८० | १७ |
| | ७ | ७० | १३ | ७ | ७० | ९ |
| | ६ | ६० | ६ | ६ | ६० | ६ |
| | ५ | ५० | ४ | ५ | ५० | २ |
| | ४ | ४० | १ | ४ | ४० | ० |
| | ३ | ३० | ० | ३ | ३० | ० |
| | २ | २० | ० | २ | २० | १ |
| | १ | १० | ० | १ | १० | ० |
| | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथि प्रस्तुत गरिएको तालिकामा ४० जना छात्र र ४० जना छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई राखिएको छ । यसबाट के स्पष्ट हुन्छ भने १० पूर्णाङ्कको स्वतन्त्र लेखनको उत्तर दिने क्रममा कक्षा आठका ४० जना छात्र र ४० जना छात्रा विद्यार्थीहरूमध्ये नौ अङ्क अर्थात् ९० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या १ जना र छात्रा सङ्ख्या ५ जना, आठ अङ्क अर्थात् ८० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या १५ जना र छात्रा सङ्ख्या १७ जना, सात अङ्क अर्थात् ७० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या १३ जना र छात्रा सङ्ख्या ९ जना, छ अङ्क अर्थात् ६० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या ६ जना र छात्रा सङ्ख्या ६ जना, पाँच अङ्क अर्थात् ५० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या ४ जना र छात्रा सङ्ख्या २ जना, चार अङ्क अर्थात् ४० प्रतिशत अङ्क

प्राप्त गर्ने छात्र सङ्ख्या १ जना र छात्रा सङ्ख्या शून्य, तीन अङ्क अर्थात् ३० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र र छात्रा दुबैको सङ्ख्या शून्य रहेको छ । दुई अङ्क अर्थात् २० प्रतिशत अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या शून्य र छात्रा सङ्ख्या १ जना, एक अङ्क अर्थात् १० प्रतिशत अङ्क ल्याउने छात्र र छात्राको सङ्ख्या शून्य रहेको पाइन्छ ।

माथि प्रस्तुत विवरणलाई तलको तालिकामा मध्यमान, प्रतिशत र मानक विचलन निकाली देखाइएको छ :

| लिङ्ग | वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | वि.सं. | प्रतिशत | वि.सं. | प्रतिशत |
| छात्र | ४० | ७ | ७० | ०.६०८ | २४ | ६० | १६ | ४० |
| छात्रा | ४० | ७.३ | ७३ | ०.७४२ | ३५ | ८७.५ | ५ | १२.५ |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार ४० जना छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ७० प्रतिशत हुन्छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्र सङ्ख्या १६ जना अथार्त् ४० प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र ६० प्रतिशत रहेको छ । मध्यमान देखिको मानक विचलन ०.६०८ रहेको छ । त्यसै गरी ४० जना छात्रा विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७.३ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ७३ हुन्छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रा सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रा ३५ जना अर्थात् ८७.५ प्रतिशत रहेको पाइन्छ । मध्यमान देखिको मानक विचलन ०.७४२ रहनुले छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको सिकाइ स्तरमा भिन्नता रहेको देखिन्छ ।

समग्रमा हेर्दा छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीको वाक्यगठन क्षमता कमजोर रहेको देखिन्छ ।

# अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना

## ६.१ विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

संस्थागत र सामुदायिक विद्यालयहरूको भौतिक, शैक्षिक, आर्थिक, प्रशासकीय आदि वातावरणले गर्दा भाषामा पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । संस्थागत र सामुदायिक विद्यालयमा नेपाली भाषालाई हेर्न भिन्न भिन्न दृष्टिकोणले गर्दा भाषामा प्रभाव पारेको हुन्छ । यहाँ नवलपरासी जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत गरी जम्मा आठओटा विद्यालयका ८० जना विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन तलको तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

### ६.१.१ कालगत आधारमा तुलना

तालिका नं. १५

कालगत आधारमा तुलना

| प्रश्न सङ्ख्या ८ | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १३ | ३२ | ० | ० | १३ | १६ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | २७ | ६८ | ४० | १०० | ६७ | ८४ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |


स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार कालसम्बन्धी वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या थिएनन् । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या १३ जना रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १३ जना अर्थात् ३२ प्रतिशत र संस्थागत

विद्यालयका विद्यार्थी सङ्ख्या थिएनन् । जम्मा १३ जना अर्थात् १६ प्रतिशत रहेको छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ६७ जना अर्थात् ८४ प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २७ र संस्थागत विद्यार्थी सङ्ख्या ४० जना अर्थात् क्रमशः ६८ र १०० प्रतिशत रहेको पाइन्छ । कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी पाइएन् ।

समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन क्षमता सबल रहेको पाइन्छ ।

**वृत्तारेख : १२**



### ६.१.२ आदरगत आधारमा तुलना

तालिका नं. १६

आदरगत आधारमा तुलना


| प्रश्न सङ्ख्या ८ | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | १ | २ | ० | ० | १ | १ |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १६ | ४० | ४ | १० | २० | २५ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | २३ | ५८ | ३६ | ९० | ५९ | ७४ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार आदरसम्बन्धी वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या जम्मा १ जना अर्थात् १ प्रतिशत रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको भने संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या जम्मा २० जना अर्थात् २५ प्रतिशत रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १६ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४ जना अर्थात् क्रमशः ४० र १० प्रतिशत रहेको छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या जम्मा ५९ जना अर्थात् ७४ प्रतिशत रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २३ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ३६ जना अर्थात् क्रमशः ५८ र ९० प्रतिशत रहेको पाइन्छ । कुनै पनि नमिलाउने विद्यार्थी सङ्ख्या पाइएन् ।

समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमता सबल रहेको पाइयो ।

वृत्तारेख : १३




### ६.१.३ वाच्यगत आधारमा तुलना

तालिका नं.१७

वाच्यगत आधारमा तुलना

| प्रश्न सङ्ख्या ८ | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ८ | २० | ० | ० | ८ | १० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | २८ | ७० | १३ | ३२ | ४१ | ५१ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ४ | १० | २७ | ६८ | ३१ | ३९ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |


स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार वाच्यसम्बन्धी वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १० प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ८ र

संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या शून्य गरी सामुदायिक विद्यालयको २० प्रतिशत रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ४१ जना अर्थात् ५१ प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २८ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या १३ जना अर्थात् क्रमशः ७० र ३२ प्रतिशत रहेको पाइन्छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ३१ जना अर्थात् ३९ प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या २७ जना अर्थात् क्रमशः १० र ६८ प्रतिशत रहेको पाइन्छ र कुनै पनि नमिलाउने विद्यार्थी पाइएन् ।

समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको वाच्यगठन क्षमता सबल रहेको पाइन्छ ।

वृत्तारेख : १४



### ६.१.४ वचनगत आधारमा तुलना

तालिका नं.१८

वचनगत आधारमा तुलना


| प्रश्न सङ्ख्या ८ | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | ६ | १५ | २ | ५ | ८ | १० |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | ३४ | ८५ | ३८ | ९५ | ७२ | ९० |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार वचनसम्बन्धी वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १० प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ६ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या २ जना अर्थात् क्रमशः १५ र ५ प्रतिशत रहेको छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ७२ जना अर्थात् ९० प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ३४ जना र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ३८ जना अर्थात् क्रमशः ८५ र ९५ प्रतिशत रहेको छ । कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी थिएनन् ।

समग्रमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको वचनगत वाक्यगठन क्षमताको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरू सबल रहेको पाइयो ।

वृत्तारेख : १५




### ६.१.५ पुरुषगत आधारमा तुलना

तालिका नं. १९

पुरुषगत आधारमा तुलना


| प्रश्न सङ्ख्या ८ | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ देखि ३ ओटा प्रश्न मिलाउने | ० | ० | ० | ० | ० | ० |
| ४ देखि ६ ओटा प्रश्न मिलाउने | १५ | ३७ | ० | ० | १५ | १९ |
| ७ देखि ८ ओटा प्रश्न मिलाउने | २५ | ६४ | ४० | १०० | ६५ | ८१ |
| कुनै पनि नमिलाउने | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार पुरुषसम्बन्धी वाक्यगठन क्षमता जाँच्नका लागि जम्मा ८ ओटा प्रश्न सोधिएको थियो । जसमा १ देखि ३ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । ४ देखि ६ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या १५ जना अर्थात् १९ प्रतिशत

रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १५ जना अर्थात् ३७ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या शून्य रहेको छ । ७ देखि ८ ओटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्या ६५ जना अर्थात् ८१ प्रतिशत रहेको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २५ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४० जना अर्थात् क्रमशः ६४ र १०० प्रतिशत रहेको छ। कुनै पनि नमिलाउने विद्यार्थी थिएनन्।

वृत्तारेख : १६




## ६.२ स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

स्वतन्त्र लेखनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजाको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २०

स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

| पूर्णाङ्क | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| | प्राप्ताङ्क | प्रतिशत | सङ्ख्या | प्राप्ताङ्क | प्रतिशत | सङ्ख्या |
| १० | ९ | ९० | १ | ९ | ९० | ५ |
| | ८ | ८० | १३ | ८ | ८० | १९ |
| | ७ | ७० | १२ | ७ | ७० | १० |
| | ६ | ६० | ७ | ६ | ६० | ५ |
| | ५ | ५० | ५ | ५ | ५० | १ |
| | ४ | ४० | १ | ४ | ४० | ० |
| | ३ | ३० | ० | ३ | ३० | ० |
| | २ | २० | १ | २ | २० | ० |
| | १ | १० | ० | १ | १० | ० |
| | ० | ० | ० | ० | ० | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

माथि प्रस्तुत तालिकामा ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई राखिएको छ । यसमा १० पूर्णाङ्कको स्वतन्त्र लेखनको उत्तर दिने क्रममा कक्षा आठका ४० सामुदायिक ४० संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये नौ अङ्क अर्थात् ९० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या एकजना र संस्थागत विद्यालयका पाँचजना, आठ अङ्क अर्थात् ८० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका तेह्रजना र संस्थागत विद्यालयका १९ जना, सात अङ्क अर्थात् ७० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या बाह्रजना र संस्थागत विद्यालयका दशजना, छ अङ्क अर्थात् ६० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या सातजना र संस्थागत विद्यालयका

पाँचजना, पाँच अङ्क अर्थात् ५० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या पाँचजना र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या एकजना, चार अङ्क अर्थात् ४० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या एकजना र संस्थागत विद्यालयका विद्यार्थी थिएनन् । तीन अङ्क अर्थात् ३० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी थिएनन् । दुई अङ्क २० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सामुदायिक विद्यालयमा एकजना र संस्थागत विद्यालयमा थिएनन् ।

माथिको प्रस्तुत विवरणलाई तलको तालिकामा मध्यमान, प्रतिशत र मानक विचलन निकाली देखाइएको छ :

तालिका नं. २१

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना**

| विद्यालय | वि.सं. | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | वि.सं. | प्रतिशत | वि.सं. | प्रतिशत |
| सामुदायिक | ४० | ६.५ | ६७.५ | ०.६८८ | २६ | ६५ | १४ | ३५ |
| संस्थागत | ४० | ७.५५ | ५५.५ | ०.७६० | ३५ | ८७.५ | ५ | १२.५ |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकाअनुसार ४० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू ४० जना र संस्थागत विद्यालयका विद्यार्थीहरूको स्वतन्त्र लेखनसम्बन्धी वाक्यगठन क्षमताको स्थितिलाई देखाइएको छ । तालिकाअनुसार प्राप्ताङ्कको मध्यमान ६.५ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ६७.५ प्रतिशत हुन्छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३५ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने अर्थात् ६५ प्रतिशत रहेको छ । मध्यमान देखिको मानक विचलन ०.६८८

रहेको छ । त्यसै गरी ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७.५५ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ५५.५ हुन्छ । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रा ३५ जना अर्थात् ८७.५ प्रतिशत रहेको पाइन्छ । मध्यमान देखिको मानक विचलन ०.७६० रहेकाले कमजोर विद्यार्थीहरू भन्दा राम्रा विद्यार्थीहरूको सङ्ख्या बढी पाइन्छ ।

समग्रमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत 'नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययरत विद्यार्थीहरूको वाक्यगठन क्षमता' शीर्षकको शोधपत्रको पहिलो अध्यायमा शोधपरिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधको सान्दर्भिकता र उपयोगिता, शोधकार्यको परिसीमा, शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचयअन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय राखिएको छ । पूर्वकार्यको समीक्षामा पुस्तक समीक्षा र शोधसमीक्षा गरिएको छ भने सैद्धान्तिक परिचयमा वाक्यगठनको परिचय र वाक्यगठनका पक्षहरू समावेश गरिएको छ ।

अध्याय तीनमा शोधविधि र प्रक्रिया मूल शीर्षकअन्तर्गत शोधविधि शीर्षक राखिएको छ । जसअन्तर्गत पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन विधि राखिएको छ । शोध प्रक्रियाअन्तर्गत जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट राखिएको छ । सामग्री सङ्कलनका स्रोतहरूअन्तर्गत प्राथमिक स्रोत, द्वितीयक स्रोत राखिएको छ । सामग्री निर्माण, तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनअन्तर्गत कालका आधारमा वाक्यगठन क्षमता, आदरगत आधारमा वाक्यगठन क्षमता, वाच्यका आधारमा वाक्यगठन क्षमता, वचनका आधारमा वाक्यगठन क्षमता, पुरुषगत आधारमा वाक्यगठन क्षमता स्वतन्त्र लेखनसम्बन्धी समग्र स्थिति समावेश गरिएको छ ।

अध्याय पाँचमा लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलना अध्ययनअन्तर्गत कालगत आधारमा तुलना, आदरगत आधारमा तुलना, वाच्यगत आधारमा तुलना, वचतगत आधारमा तुलना, पुरुषगत आधारमा तुलना तथा स्वतन्त्र लेखनसम्बन्धी छात्र र छात्रा विद्यार्थीको तुलना प्रस्तुत गरिएको छ ।

अध्याय छमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनाअन्तर्गत कालगत आधारमा तुलना, आदरगत आधारमा तुलना, वाच्यगत आधारमा तुलना, वचनगत आधारमा तुलना, पुरुषगत आधारमा तुलना तथा स्वतन्त्र लेखनसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना प्रस्तुत गरिएको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिताअन्तर्गत सारांश, निष्कर्ष र उपयोगितता प्रस्तुत गरिएको छ । उपयोगिताअन्तर्गत नीतिगत तह र प्रयोगगत तह समावेश गरिएको छ ।

## ७.२ निष्कर्ष

भाषा मानवीय वस्तु हो । समाजमा मानिसहरूले आफ्ना अनुभवहरूको आदानप्रदान गर्नको लागि भाषाको प्रयोग गर्ने हुनाले यसमा आर्जन पनि समाजबाट नै हुन्छ । भाषाका कथ्य र लेख्य दुई रूप हुन्छन् । कथ्य भाषा र लेख्य भाषामा थोरै अन्तर हुन्छ । समाजमा बोल्दा लेख्य भाषामा जस्तो शुद्धता र स्तरीयताको त्यति ख्याल नगर्ने बानीले गर्दा वाक्यगठनसम्बन्धी विभिन्न प्रकारका त्रुटिहरू देखा पर्दछन् । जस्तो बोलिन्छ त्यस्तो लेखिदैन र जस्तो लेखिन्छ त्यस्तो बोलिदैन । त्यसैले भाषाका विभिन्न पक्षहरूमा गल्ती हुने गर्दछ । त्यसकारण त्यस्ता कमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू खोज्नुपर्दछ । भाषा शिक्षणमा देखिएका विभिन्न समस्याहरूको खोजी गरी समाधानका उपायहरू पत्ता लगाई निराकरणका उपायहरू खोज्नुपर्दछ । भाषा शिक्षणमा देखिएका विभिन्न समस्याहरूको खोजी गरी समाधानका उपायहरू पत्ता लगाएर भाषा शिक्षणमा सुधार ल्याउन सकिन्छ । यहाँ नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा वाक्यगठनका विभिन्न पक्षमा त्रुटि गरेको पाइयो । जसलाई बुँदागत रूपमा निम्नानुसार तल प्रस्तुत गरिएको छ :

- समग्र र मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको विश्लेषण गर्दा मध्यम रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये विद्यार्थीहरू सबैभन्दा कमजोर वाच्यगत वाक्यगठनमा रहेको पाइयो भने सबैभन्दा सबल वचनगत वाक्यगठनमा गरेको पाइयो ।

- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता तुलना गर्दा छात्राहरूको तुलनामा छात्रहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये एउटा महत्त्वपूर्ण पक्ष काल हो । कालसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८४ प्रतिशत विद्यार्थीहरूले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १६ प्रतिशत विद्यार्थीहरूले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्राको भन्दा छात्रको कालगत क्षमता राम्रो रहेको पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष आदर हो । आदरसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ६८ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने २५ प्रतिशतले ४ देखि ६ ओटा र ७ प्रतिशतले १ देखि ३ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्राको भन्दा छात्रको आदरगत क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको आदरगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष वाच्य हो । वाच्यसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ३८ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने ५० प्रतिशतले ४ देखि ६ ओटा र १२ प्रतिशतले १ देखि ३ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्रको भन्दा छात्राको वाच्यगत क्षमता राम्रो

पाइयो भने विद्यालय प्रकृतिको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष वचन हो । वचनसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८७ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १३ प्रतिशतले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आदरमा हेर्दा छात्राको भन्दा छात्रको वचनगत क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वचनगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाक्यगठनका विभिन्न पक्षहरूमध्ये अर्को महत्त्वपूर्ण पक्ष पुरुष हो । पुरुषसम्बन्धी क्षमता जाँच्नको लागि आठओटा प्रश्न सोधिएकोमा ८१ प्रतिशतले ७ देखि ८ ओटा प्रश्न मिलाएका छन् भने १५ प्रतिशतले ४ देखि ६ ओटा प्रश्न मिलाएका छन् । त्यसैगरी लैङ्गिकताको आदरमा हेर्दा छात्राको भन्दा छात्रको पुरुषगत वाक्यगठन क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको पुरुषगत वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- स्वतन्त्र लेखनसम्बन्धी अध्ययन विश्लेषण गर्दा नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको स्वतन्त्र लेखनसम्बन्धी क्षमता सन्तोषजनक रहेको पाइयो । त्यसैगरी लैङ्गिकताको आधारमा हेर्दा छात्रको भन्दा छात्राको स्वतन्त्र लेखनसम्बन्धी क्षमता राम्रो पाइयो भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्वतन्त्र लेखनसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

यसरी वाक्यगठनका विभिन्न पक्षहरूसँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरूको आधारमा विश्लेषण गर्दा वाच्यमा विद्यार्थीहरूको वाक्यगठन क्षमता कमजोर रहेको देखियो भने वचनमा वाक्यगठन क्षमता राम्रो रहेको देखियो । त्यसैगरी काल, आदर, पुरुषमा

वाक्यगठन क्षमता मध्यम रहेको देखियो । समग्र र मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता विश्लेषण गर्दा मध्यम रहेको पाइयो ।

## ७.३ उपयोगिता

### ७.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगिताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- यस अध्ययनले आधारभूत तहमा भाषापाठ्यपुस्तक निर्माणकर्तालाई उक्त पाठ्यपुस्तकमा प्रयोग गरिने वाक्यगठनको छनोट र स्तरणमा सहयोग मिल्नेछ ।
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षकलाई अगाडि बढ्न प्रस्तुत अध्ययनले मार्गनिर्देशन गर्नेछ ।
- यस अध्ययनबाट पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माणकर्तालाई वाक्यगठन प्रयोगसम्बन्धी अभ्यासहरू समावेशतर्फ सचेत गराउनेछ ।
- भावी दिनहरूमा वाक्यगठनसम्बन्धी अध्ययन अनुसन्धान अनुसन्धानका लागि मार्गनिर्देशन गर्नेछ ।
- मूल्याङ्कनकर्तालाई मूल्याङ्कनका निम्ति तयार पारिने प्रश्नपत्र वाक्यगठन प्रयोगसँग सम्बन्धित गरी तयार गर्न अध्ययन उपयोगी हुनेछ ।
- यस अध्ययनले निकालेको निष्कर्षका आधारमा कक्षा आठका विद्यार्थीहरूको वाक्यगठन प्रयोग क्षमता अनुगमन गर्न उपयोगी हुनेछ ।
- शोधकर्ता, समालोचक, लेखक, शिक्षक, विद्यार्थी आदि सबैलाई वाक्यगठनसम्बन्धी जानकारी प्राप्त गर्न प्रस्तुत शोध उपयोगी हुनेछ ।

### ७.३.२ प्रयोगगत तह

प्रस्तुत शोधको प्रयोगगत तह र उपयोगिताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीलाई पृष्ठपोषण दिन ।
- विद्यार्थीहरूको स्तर क्षमता आवश्यकताअनुसार विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।
- वाक्यगठनसम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न ।
- विद्यार्थीहरूलाई वाक्यगठनसम्बन्धी आधारभूत सीप ग्रहण गर्न ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सुदृढ नदेखिएकाले उक्त विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई सक्षमताका साथ अध्ययन अध्यापन गराउन प्रस्तुत अध्ययन उपयोगी हुनेछ ।

# सन्दर्भसूची

अधिकारी, निर्मला (२०७३), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, मायानाथ (२०७३), 'कक्षा छमा अध्ययनरत गुरूङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, रीता (२०७३), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण,* ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, नारायणी (२०७१), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गड्तौला, इन्दिरादेवी (२०७१), 'नुवाकोट जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूले गर्ने भाषिक त्रुटिहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* घन्टाघर : पाठ्य सामग्री पसल ।

जोशी, टिका (२०७३), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, ताराप्रसाद (२०५५), *नेपाली व्याकरण,* काठमाडौँ : एकता बुक्स ।

तामाङ, नइन्द्र (२०७२), 'कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०७०), *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०६१), *राम्रो रचना मिठो नेपाली,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि ।

प्रधान, इन्दिरा (२०७३), 'भोजपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६५), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : तलेजु पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा. लि. ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौं : पाठशाला पब्लिकेसन ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

रावल, हिक्मत (२०७३), 'अछाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रोकाय, नरबहादुर (२०७३), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

विष्ट, कर्णबहादुर (२०७३), 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०५५), *शब्द रचना र वर्णविन्यास, वाक्यतत्त्व र विविध अभिव्यक्ति,* काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, रेशम (२०७३), 'कपिलवस्तु जिल्लाका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट एक

## अध्ययनका क्रममा छनोट गरिएका विद्यालयहरूको नामावली

सामुदायिक विद्यालयहरू

१. श्री वरचुली माध्यमिक विद्यालय, देवचुली १७, नवलपरासी

२. श्री देवचुली उच्च माध्यमिक विद्यालय, देवचुली १६, नवलपरासी

३. श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय, गैडाकोट १५, नवलपरासी

४. श्री नेपाल उच्च माध्यमिक विद्यालय, देवचुली १, नवलपरासी

संस्थागत विद्यालयहरू

१. ओएसिस इङ्लिस बोर्डिङ स्कुल, देवचुली १७, नवलपरासी

२. अमर इङ्लिस बोर्डिङ स्कुल, देवचुली १६, नवलपरासी

३. वाइज भिजन बोर्डिङ स्कुल, देवचुली १६, नवलपरासी

४. कुमारवर्ती उच्च माध्यामिक स्कुल, देवचुली १६, नवलपरासी

## परिशिष्ट दुई

## अध्ययनका क्रममा सामुदायिक र संस्थागत विद्यालयमा नमुना लिइएका विद्यार्थीहरूको नामावली

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

| क.सं. | छात्र | प्राप्ताङ्क | क.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | शुशिल सुनार | ३८ | १ | तारा खड्का | ४८ |
| २ | खगेन्द्र बूढा | ४८ | २ | उर्मिला काफ्ले | ३४ |
| ३ | प्रदीप दर्नाल | ३३ | ३ | स्वस्तिका अधिकारी | ३० |
| ४ | खुमबहादुर मगर | ३९ | ४ | पुनम घिमिरे | २८ |
| ५ | चन्द्रबहादुर आस्लामी | ३८ | ५ | मनिसा थापा | ३९ |
| ६ | कपिल अधिकारी | ४३ | ६ | सुहाना थनेत | ४१ |
| ७ | मनोज वि.क | ४४ | ७ | मेहेक सुनार | ३३ |
| ८ | मेराज खान | ४० | ८ | सुकुमाया परियार | ३७ |
| ९ | लिलाधर अधिकारी | ३४ | ९ | संगिता वि.क. | ३५ |
| १० | सुजन महत्तो | ३६ | १० | पुजा कुँवर | ३६ |
| ११ | सिर्जना पोखेल | ४४ | ११ | समिर चापागाई | ४३ |
| १२ | सुजन वि.क | ४१ | १२ | उमा गिरी | ४० |
| १३ | विवस तामाङ | ३५ | १३ | दिनीसा थापा | ३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सौरब थापा | ३४ | १४ | सन्जु तामाङ | २८ |
| १५ | यशुव तामाङ | ३९ | १५ | सुहाना तामाङ | ३६ |
| १६ | प्रविन ढुङ्गाना | ४२ | १६ | विनुसा कँडेल | ४० |
| १७ | कमल चापागाई | ४५ | १७ | समिक्षा चापागाई | ४३ |
| १८ | गणेश अधिकारी | ४१ | १८ | सृष्टि शर्मा | ४५ |
| १९ | सुजित राउत | ४६ | १९ | गीता खत्री | ४० |
| २० | दिपसन कंडेल | ४३ | २० | लक्ष्मी बलामी | ४८ |

**संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको प्राप्ताङ्क विवरण**

| क.सं. | छात्र | प्राप्ताङ्क | क.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | अनुराग थापा | ४७ | १ | देवीयानी चालिसे | ४९ |
| २ | विशाल क्षेत्री | ४६ | २ | शीला गुरौ | ४७ |
| ३ | निशान गौतम | ४७ | ३ | निशा खोजवार | ४४ |
| ४ | सन्जय के.सी. | ४६ | ४ | कृशला शर्मा | ४३ |
| ५ | लेनिस पौडेल | ४७ | ५ | कुमारी थापा | ४६ |
| ६ | अभिषेक क्षेत्री | ४१ | ६ | दिपा आचार्य | ४२ |
| ७ | आयुष धिताल | ४० | ७ | आर्जु श्रेष्ठ | ४४ |
| ८ | सन्देश जि.सी. | ३८ | ८ | एलिना खोजवार | ४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | अमित भट्टराई | ४० | ९ | झरना क्षेत्री | ४७ |
| १० | विष्णु आचार्य | ४४ | १० | भावना श्रेष्ठ | ४९ |
| ११ | रमेश महत्तो | ४६ | ११ | सुवित्रा लम्साल | ४९ |
| १२ | सुमित के.सी. | ४७ | १२ | अम्बिका कोइराला | ४८ |
| १३ | हिमाल माझी | ४७ | १३ | विपना बस्नेत | ४८ |
| १४ | सुयोग कँडेल | ४६ | १४ | मनिला महत्तो | ४८ |
| १५ | शिशिर पौडेल | ४६ | १५ | बबिता आचार्य | ४६ |
| १६ | बादल सुनार | ४४ | १६ | समकला थापा | ४७ |
| १७ | सुजल हमाल | ४४ | १७ | एलिसा सुनार | ४७ |
| १८ | उदय सुनार | ४६ | १८ | बिबिसा रसाइली | ४६ |
| १९ | लक्ष्मण खड्का | ४६ | १९ | दिपिका काफ्ले | ४७ |
| २० | विष्णु थापा | ४६ | २० | गंगा आचार्य | ४६ |

# व्यक्तिवृत्त



नाम : सुस्मा पौडेल

ठेगाना : देवचुली नगरपालिका १७, नवलपुर

बाबुको नाम : युवराज पौडेल

आमाको नाम : सीता पौडेल

मातृभाषा : नेपाली

राष्ट्रियता : नेपाली

रूचि : अध्ययन, भ्रमण

धर्म : हिन्दु

सम्पर्क नं. : ९८०५४१५६९८

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री देवचुली उ.मा.वि., नवलपरासी | २०६४ |
| २ | प्रवीणता प्रमाणपत्र तह | श्री देवचुली उ.मा.वि., नवलपरासी | २०६७ |
| ३ | स्नातक | श्री देवचुली कलेज, नवलपरासी | २०७० |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं | २०७४ |